## नेपाल रेडक्रस सोसाइटी, म्याग्दी जिल्ला शाखा र रघुगंगा गाँउपालिका विच भएको

# समभ्रुदारी पत्र

नेपाल रेडक्रस सोसाइटी, म्याग्दी जिल्ला शाखा र रघुगंगा गाँउपालिका, गाँउ कार्य पालिकाको कार्यालय, मौवाफाँट म्याग्दी विच निम्नानुसार बुंदाहरुमा सहयोग आदान प्रदान गर्ने सहमति भै यो समभ्रुदारी पत्रमा हस्ताक्षर गरिएको छ ।

**समभ्रुदारी भएका बुदाँहरु**

१. नेपाल रेडक्रस सोसाइटी म्याग्दी जिल्ला शाखाद्वारा सञ्चालित रक्त सञ्चार सेवा केन्द्र, बेनीको व्यवस्थापन सहयोगकालागि रघुगंगा गाँउपालिकाले वार्षिक रुपमा रु १,००,०००।- (अक्षेरुपी एक लाख रुपैया) आर्थिक सहयोग उपलब्ध गराउने ।

२. बेनी अस्पतालमा उपचारको क्रममा आउने रघुगंगा गाँउपालिकाका नागरिकहरुलाई रगतको आवश्यकता परेको खण्डमा नेपाल रेडक्रस सोसाइटी, म्याग्दी जिल्ला शाखाले सामान्य सेवा शुल्क समेत नलिई आवश्यक मात्राको रगत २०७८ माघ १ गतेदेखि २०७९ पौष मसान्तसम्म नि:शुल्क उपलब्ध गराउने ।

३.नेपाल रेडक्रस सोसाइटी म्याग्दीले रक्त सञ्चार सेवा केन्द्रमा दुर्लभ मानिने समुहका रगत स्टक मौज्दातमा नरहेको खण्डमा स्वयम् सेवी रक्तदाताहरु मार्फत वा क्षेत्रीय रक्तसञ्चार सेवा केन्द्र पोखरा मार्फत रगत ल्याई उपलब्ध गराउने ।

४. यस कार्यको प्रभावकारिता मुल्याङकन गर्दै दुवै पक्षको आपसी सहमतीमा स्वास्थ्य क्षेत्रका थप सेवा कार्यहरु आगामी दिनमा अगाडी बढाउदै जाने ।

<u>माथि उल्लेख भए बमोजिमका बुंदाहरुमा हामी निम्न पक्षहरु मञ्जुर गर्दछौं</u>

नेपाल रेडक्रस सोसाइटी, म्याग्दीको तर्फवाट

हस्ताक्षर :
नामथर : लेखबहादुर हमाल
पद : सभापति
सम्पर्क नं :
मिति :
कार्यालयको छाप :

नेपाल रेडक्रस सोसाइटी
म्याग्दी जिल्ला शाखा

रघुगंगा गाँउपालिकाको तर्फवाट

हस्ताक्षर :
नामथर : भववहादुर भण्डारी
पद : रघुगंगा गा.पा. प्रमुख
सम्पर्क नं :
मिति :
कार्यालयको छाप :

भव बहादुर भण्डारी
अध्यक्ष

Scanned with CamScanner